# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मौवाफांट, म्याग्दी
## गण्डकी प्रदेश, नेपाल

प.सं:- २०७५/०७६ मितिः- २०७६/०५/०६

च.नंः-

सिलवन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकासन मिति २०७६/०५/०६

आ.व. २०७६/०७७ मा स्थानिय सरकार संचालन ऐन, २०७४ (संशोधन सहित) को दफा ६२ (क) र दफा ६४ उपदफा १ को खण्ड (च) र गण्डकी प्रदेश आर्थिक ऐन २०७६ को दफा ८ र रघुगंगा गाँउ कार्यपालिकाको मिति २०७६।०४।२१ गतेको कार्यपालिकाको वैठकको निर्णय बमोजिम रघुगंगा गाँउपालिका क्षेत्रभित्र कालीगण्डकी नदी तथा रघुगंगा नदीबाट ढुँगा गिटी वालुवा दहतर वहत्तर शुल्क संकलनको कार्य ठेक्काबाट गराउन पर्ने भएकाले ईच्छुक इजाजतप्राप्त फर्मवाट तपसिलमा उल्लेखित विषय र शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र रितपुर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिन्छ।

**शर्तहरुः**

१-यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले तिसौ दिनको कार्यालय समय सम्म बोलपत्र फाराम रु. **१०००** (एक हजार रुपैयाँ मात्र) भुक्तानी गरी (फिर्ता नहुने गरी ) रघुगंगा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ। वोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाइ अन्तिम दिन मानिनेछ ।

२- सूचना प्रकाशन भएको मितिले एक्तीसौ दिनको दिउंसो १२ बजे सम्म बोलपत्र दाखिला गर्न सकिने छ । सोहि दिनको दिउसो २ बजे कार्यालय प्रतिनिधि र बोलपत्र दाताको रोहवरमा कार्यालयमा नै बोलपत्र खोलिनेछ।उक्त दिन बिदा परेमा त्यसको भोलि पल्ट बोलपत्र खोलिने छ । बोलपत्र दाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३-आफुले कबोल गरेको अंकको ५% ले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा प्रभु बैंक लि. मौवाफांट शाखामा रहेको धरौटी खाता नं. १८९००२०११००२३००००००७ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम वरावरको यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड वोलपत्र दाखिल गर्ने अन्तिम मितिले १२० दिनको अवधि भएको समावेश गर्नु पर्नेछ।

४-कार्यालयको छाप र कार्यालय प्रमुखबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिईने छैन। बोलपत्र साथ फर्म दर्ता प्रमाण पत्र, फर्म नविकरण, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु पेश गर्नु पर्नेछ।

५-जुन फर्मको नामबाट बोलपत्र खरिद भएको हो सोही फर्मको नामबाट मात्र बोलपत्र दर्ता गर्न सकिनेछ । वोलपत्र भर्दा स्पष्ट रुपमा अङ्क र अक्षरमा भर्नुपर्नेछ अङ्क र अक्षर फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ ।

६-प्रत्यक बोलपत्रको छुट्टा छुट्टै खाममा आफुले कबोल गर्न चाहेको विषय वा शिर्षकको सूचनामा उल्लेखित बोल पत्र नं. सहित कामको विषय वा शिर्षक लेखी बोलपत्र सिलबन्दी गरी पेश गर्नु पर्ने छ।

रमेश थापा

प्रमुख प्रशासकीय अधिकृत

# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मौवाफाँट, म्याग्दी
## गण्डकी प्रदेश, नेपाल

७-बोलपत्र सकारे बापत नियमानुसार आफुले बुझाउन पर्ने सम्पूर्ण रकम ठेकदार स्वयंले बुझाउन पर्ने छ । सम्झौताको लागि स्वीकृत बोलपत्र दाताले आफुले कबोल गरेको कुल रकम तीन किस्ता गरी बुझाउन सक्ने छ । यसरी बुझाउने किस्ता मध्ये प्रथम किस्ता बापत कम्तिमा ५०% रकम सम्झौता गर्ने समयमा गाउँपालिकाको सञ्चित खाता नं. १८९००२०११००२३००००००१ मा अग्रिम दाखिला गर्नु पर्नेछ। बाँकी रकमको हकमा नेपाल सरकारको मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा २०७७ श्रावण मसान्त सम्मको लागि जारी भएको अग्रिम भुक्तानी बैंक ग्यारेन्टी वा नगद जमानत पेश गर्नु पर्ने छ।

८-आफूले कबोल गरेको ठेक्का अंकको रकम एकमुस्ट अग्रिम बुझाउने बोलपत्र दातालाई कबोल अंकको १०% सम्म छुट दिई सम्झौता गर्न सकिने छ । तर धरौटीको रकमलाई सो रकममा समाबेश गरिने छैन।

९-ठेकेदारले सम्झौता पत्रमा तोकिएको बस्तुहरुमा मात्र तोकए बमोजिमको दर रेटमा कर दस्तुर असुल गर्नु पर्ने छ । प्रचलित ऐन नियम कानुन सम्झौता र सूचनाको शर्तहरु विपरित कार्य गरेमा जुनसुकै समयमा पनि कार्यालयले सम्झौता तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गरिने छ।

१०-प्रचलित नियम विपरित कर असुल गर्न वा एउटा स्थानीय तहले लिएको करको प्रमाण हुँदाहुँदै दोहोरो हुने गरी कर असुल गर्न पाईने छैन।

११-रघुगंगा गाउँपालिकालाई तिर्नु पर्ने रकम तथा जिन्सी सामानहरु बक्यौता देखिएमा त्यस्ता फर्मका नाममा समेत बोलपत्र स्वीकृत गरीने छैन।

१२-बोलपत्र स्वीकृत गर्ने, आंसिक स्वीकृत गर्ने र स्वीकृत नगर्ने सम्पूर्ण अधिकार रघुगंगा गाउँपालिकामा सुरक्षित रहने छ।

१३-गाउँपालिकाले तोकेको कर संकलन केन्द्रमा कर दस्तुर उठाउने वस्तुको स्पस्ट सूचि राख्नु पर्नेछ।

१४-ठेक्का अवधि समाप्त भए पछि कर चुक्ता गरेको प्रमाण पत्र पेश गरेपछि मात्र धरौटी रकम फिर्ता दिईनेछ।

१५-बन्द हड्ताल चक्काजाम वा अन्य कुनै कारण देखाई कार्यालयमा मिनाह माग गर्न पाईने छैन।

१६- नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयबाट समय समयमा दिईएको नीति निर्देशनहरु पालना गर्नु सम्बन्धित ठेकदारको कर्तब्य हुनेछ।

१७-ठेक्का सम्बन्धी कुनै बिबाद भएमा आपसी सहमतिबाट टुङ्गो लगाईने छ । यदि सहमति हुन नसके गाउँपालिकाको निर्णय अन्तिम हुने छ।

१८-ठेकदारले बोलपत्र स्वीकृत भएको ७ दिन भित्र सम्झौता गर्नको लागि कार्यालयमा सम्पर्क गरी सक्नु पर्ने छ । तोकिएको अवधि भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरी नियमानुसार ठेक्का ब्यबस्थापन प्रक्रिया अगाडि बढाईनेछ।

रमेश थापा
प्रमुख प्रशासकीय अधिकृत

# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मौवाफाँट, म्याग्दी
## गण्डकी प्रदेश, नेपाल

१९-बोलपत्र सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालयमा सम्पर्क गर्न सकिने छ । करको दर रेट बोलपत्र फाराममा उल्लेख हुने छ।

२०-प्रारम्भिक वातावरणीय परीक्षणबाट औल्याईएका सुझावहरुलाई पालना गर्नु पर्नेछ।

२१ यसमा उल्लेख नभएको थप कुराको हकमा गण्डकी प्रदेश सरकारबाट जारी भएको ढुंगा, गिट्टी, वालुवा उत्खनन्, संकलन र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थापन गर्ने कार्यविधि, २०७५, रघुगंगा गाउँपालिकाको सार्वजनिक खरिद नियमामवली, २०७६ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

२२ विवरण यस प्रकार रहेको छ ।

तपसिल

| सि.नं. | सूचना।ठेक्का नं. | ठेक्काको नाम | उत्खनन् गर्ने वगर | उत्खनन परिमाण (घ.मि.) | न्यूनतम ठेक्का रकम (कर बाहेक) | धरौटी रकम | ठेका लाग्ने अवधि | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०५।०७६।०७७ | ढुंगा, गिट्टी, वालुवा रोडा उत्खनन्, संकलन तथा बिक्री वितरण | तिप्ल्याङ काली ओढार वगर क्षेत्र रघुगंगा वडा नं. १ | २२१० | २,७३,१५८।४३ | कबोल अंकको ५ प्रतिशत | सम्झौता भएको मिति देखि २०७७ जेष्ठ मशान्त सम्म | १०००।- |
| २ | ०६।०७६।०७७ | ढुंगा, गिट्टी, वालुवा रोडा उत्खनन्, संकलन तथा बिक्री वितरण | बेगखोला वगर क्षेत्र रघुगंगा वडा नं. १ | १२५५८।- | १५,५२,१५६।२४ | | | १०००।- |
| ३ | ०७।०७६।०७७ | ढुंगा, गिट्टी, वालुवा रोडा उत्खनन्, संकलन तथा बिक्री वितरण | माथिल्लो गलेश्वर देखि मौवाफांटको बीचमा पर्ने वगर क्षेत्र रघुगंगा वडा नं. ३ | ६४०।- | ७९,१०४।७० | | | १०००।- |

(रमेश थापा)
प्रमुख प्रशासकीय अधिकृत